निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# स्थानीय तह निर्वाचन बुलेटिन

• वर्ष १ • अंक ३ • २०७४ असार १३ (June 27, 2017)

## दोस्रो चरणको सम्पूर्ण तयारी पूरा

# मतदानमा सहभागी हुन आह्वान

**आदरणीय मतदाता आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरू,**

स्थानीय तहको दोस्रो चरणको निर्वाचनअन्तर्गत प्रदेश नम्बर १, ५ र ७ का ३५ जिल्लाका ३३४ स्थानीय तहमा भोलि अर्थात् २०७४ असार १४ गते बुधबार हुने निर्वाचनको सम्पूर्ण तयारी आयोगले पूरा गरेको व्यहोरा समस्त मतदाता, आम जनता, राजनीतिक दल र सरोकारवालाहरूलाई अवगत गराउन चाहन्छु । भोलि बुधबार बिहान ७ बजेदेखि अपराह्न ५ बजेसम्म हुने मतदानका लागि निर्धारण गरिएका ८ हजार ३६४ मतदान केन्द्रमा आवश्यक पर्ने सम्पूर्ण तयारी आयोगले पूरा गरिसकेको छ । भोलि बुधबार बिहान ७ बजेदेखि अपराह्न ५ बजेसम्म मतदान केन्द्रमा प्रवेश गर्नुभएका मतदाताले मात्रै मतदान गर्न पाउनु हुने हुँदा सबै मतदाताले एक दिन राष्ट्रका लागि समय प्रदान गरी दुःख सहेर भए पनि मतदानमा सरिक भई आफूले रोजेको योग्य उम्मेदवारलाई मतदान गर्न म यहाँहरूसँग अनुरोध गर्दछु ।

गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाको प्रमुख, उपप्रमुख र वडा अध्यक्ष, वडा सदस्य, महिला वडा सदस्य र दलित महिला वडा सदस्य पदका लागि हुन लागेको दोस्रो चरणको यो ऐतिहासिक निर्वाचनले स्थानीय तहको नेतृत्व गर्ने स्थानीय व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको जिम्मेवारी निर्वाह गर्ने जनप्रतिनिधिहरूको चयन गर्ने छ । पहिलो चरणको निर्वाचनमा आदरणीय मतदाताहरूमा देखिएको व्यापक जनसहभागिताबाट आयोग ज्यादै उत्साहित भएको र पहिलो चरणमाभन्दा दोस्रो चरणमा यहाँहरू अझ बढी उत्सुक हुनुहुन्छ भन्नेमा निर्वाचन आयोग विश्वस्त छ । निर्वाचनमा सुरक्षाको भरपर्दो प्रबन्ध मिलाइएको हुँदा ढुक्क भएर मतदान प्रक्रियामा सहभागी हुन् र आफ्नो अमूल्य मत सातजना उम्मेदवारलाई प्रदान गर्न सबै मतदाता महानुभावहरूसँग आयोग आग्रह गर्न चाहन्छ ।

हामीलाई थाहा छ वर्षायाम सुरू भइसकेको छ, तपाईहरू वर्षदिनसम्म खान पुग्ने बाली लगाउने तयारीमा हुनुहुन्छ तर आयोगले तपाईहरूकै स्थानीय सरकारको नेतृत्व गर्ने जनप्रतिनिधिको निर्वाचन गराउन हाम्रा कर्मचारीहरूलाई तपाईको घर आँगनमा पठाइसकेको छ । असार १४ गते गतेलाई स्थानीय जनप्रतिनिधिहरू निर्वाचित गर्ने महान् पर्वको रूपमा मनाउँदै मतदानमा व्यापक सहभागिता



जनाउन र असार १५ गते रोपाईं पर्व मनाउनसमेत आयोग समस्त मतदाताज्यूहरूमा हार्दिक अपील गर्दछ । आदरणीय मतदाताहरू तपाईहरूले पक्कै पनि निर्वाचन आयोगले स्थानीय तह निर्वाचनका लागि जारी गरेको मतदाता परिचयपत्र आफ्नो मतदान केन्द्रबाट प्राप्त गरिसक्नु भएकै होला । मतदान गर्न जाँदा फोटोसहितको मतदाता परिचयपत्र लिएर मात्र मतदान केन्द्रमा जानुहुन म मतदाता महानुभावहरूसँग आग्रह गर्न चाहन्छु । यदि कुनै कारणवशः मतदाता परिचयपत्र प्राप्त गर्न नसकेमा वा प्राप्त गरेका परिचयपत्र हराएमा वा नष्ट भएमा तपाईहरूको मताधिकार सुनिश्चित गर्न आयोगले वैकल्पिक व्यवस्थासमेत गरेको छ ।

... (बाँकी पृष्ठ ७ मा)

## निर्वाचन आयोगका पदाधिकारी



प्रमुख निर्वाचन आयुक्त
डा. अयोधीप्रसाद यादव



निर्वाचन आयुक्त
इला शर्मा



निर्वाचन आयुक्त
नरेन्द्र दाहाल



निर्वाचन आयुक्त
इश्वरीप्रसाद पौड्याल



निर्वाचन आयुक्त
सुधीरकुमार शाह



निमित्त सचिव
महेश्वर न्यौपाने

*सम्पादकीय*

# मताधिकारको प्रयोग गरौं

संविधानसभाबाट जारी भएको 'नेपालको संविधान' अनुसार स्थानीय तहको पहिलो चरणको निर्वाचन २०७४ वैशाख ३१ गते सफलतापूर्वक सम्पन्न भइसकेको छ । पहिलो चरणमा २८३ स्थानीय तहका लागि भएको निर्वाचनमा मतदाताको उत्साहजनक सहभागिता रहेबाट निर्वाचन आयोग उत्साहित भएको छ । संविधानले सुम्पेको जिम्मेवारी पूरा गर्ने क्रममा आयोगले स्थानीय तहको दोस्रो चरणमा २०७४ असार १४ गते बुधबार हुने निर्वाचनको सम्पूर्ण तयारी पूरा गरेको छ । नेपाल सरकारले राजनीतिक वातावरणलाई अझ सहज र प्रभावकारी बनाउने उद्देश्यले निर्वाचनलाई तीन चरणमा गर्ने निर्णय गरेबमोजिम यो दोस्रो चरणको निर्वाचन हुन लागेको हो । यस निर्वाचनमा ३३४ स्थानीय तहका लागि निर्वाचन हुँदैछ भने २०७४ असोज २ गते तेस्रो चरणको निर्वाचनको मिति पनि घोषणा भएको छ । तेस्रो चरणमा दुई नम्बर प्रदेशमा निर्वाचन हुँदैछ ।

स्थानीय तह निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी तथा विश्वसनीय बनाउनका लागि निर्वाचन आयोगले स्थानीय तह निर्वाचन आचारसंहिता २०७३ लाई गत फागुन १८ गतेदेखि लागू गरिसकेको छ । निर्वाचन आचारसंहिताको पालना सबै पक्षबाट हुने विश्वास आयोगले लिएको छ । संवैधानिक व्यवस्थाबमोजिम दलित, महिला एवं अल्पसङ्ख्यकको प्रतिनिधित्व सुनिश्चित गर्न मतदाता शिक्षालाई व्यापक बनाइएको छ । हरेक मतदान केन्द्रमा कम्तीमा एकजना मतदाता शिक्षा कार्यकर्ताबाट नमूना मतपत्रमा मतसङ्केत गर्न सिकाउने व्यवस्थाका साथै सक्कली मतपत्रसमेत मतदाताको अवलोकनका लागि राखिएकाले दोस्रो चरणको निर्वाचनमा बदर मत सङ्ख्या कम हुने अपेक्षा आयोगको छ । यसैगरी, आमसञ्चार माध्यम, राजनीतिक दलका कार्यकर्ता तथा उम्मेदवारले समेत मतदातालाई शिक्षित बनाउन अहम् भूमिका खेल्ने नै छन् ।

स्थानीय तह निर्वाचन हुन लागेको यो पहिलो पटक हो । संघीय संरचनाअनुसारको स्थानीय तहको सरकार निर्माणका लागि निर्वाचन हुन लागेको हो । आफ्नो घरछेउको सरकारमा रहने जनप्रतिनिधिहरूको चयनमा कसैको लोभ, डर, त्रास र भयमा नपरी सक्षम र योग्य उम्मेदवारलाई मतदान गर्न समस्त मतदातासँग हार्दिक अनुरोध गर्दछौं । आफ्नो अमूल्य मतको सदुपयोग गरी लोकतन्त्रको जगलाई बलियो बनाउने कार्यमा सरिक हुनसमेत हामी मतदाताहरूमा अपील गर्दछौं ।

## कल सेन्टर सञ्चालनसम्बन्धी सूचना


*"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"*

**२०७४ वैशाख ३१ गतेको पहिलो चरणको निर्वाचनमा सञ्चालनमा आएको कल सेन्टर असार १४ गते हुन गइरहेको स्थानीय तह निर्वाचनसँग सम्बन्धित प्रश्न तथा जिज्ञासाको जवाफ सर्वसाधारण, मतदाता तथा सरोकारवालाहरूलाई प्रदान गर्नका लागि निर्वाचन आयोग, कान्तिपथ, काठमाडौँमा मिति २०७४ वैशाख १५ गतेदेखि बिहान ८ बजेबाट बेलुकी ८ बजेसम्म कल सेन्टर सञ्चालन भइरहेकाले यो सूचना प्रकाशित गरिएको छ । पुनश्च: नेपाल टेलिकमको नेटवर्कबाट कल गर्दा प्रश्नकर्तालाई कुनै शुल्क लाग्ने छैन ।**

**टोल फ्रि नम्बर १६६००१४४२२२**

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
निर्वाचन तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषण शाखा

## स्थानीय तह निर्वाचन २०७४ को सम्बन्धमा
# दोस्रो चरणको निर्वाचन हुने जिल्लाहरुको विवरण




**सङ्केत**

- पहिलो चरणको निर्वाचन सम्पन्न भएका प्रदेशहरू (३४ जिल्लाहरू) (नवलपरासी र रूकुम सहित)
- दोस्रो चरणको चुनाव हुने प्रदेशहरू (३५ जिल्लाहरू) (नवलपरासी र रूकुम सहित)
- तेस्रो चरणको चुनाव हुने प्रदेश (८ जिल्लाहरू)


निर्वाचन तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषण शाखा असार ११ मा विश्लेषण तथा नक्साङ्कन भएको

ERMTool ELECTORAL RISK MANAGEMENT TOOL

ECN/ESGIRA -१७-०१७

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
निर्वाचन तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषण शाखा

# स्थानीय तह निर्वाचन २०७४ को सम्बन्धमा
# दोस्रो चरणको निर्वाचन हुने जिल्लामा रहेका गाउँपालिका र नगरपालिकाको सङ्ख्यात्मक विवरण




**सङ्केत**

- # (हरियो) जिल्लामा रहेको गाउँपालिकाको सङ्ख्या
- # (पहेँलो) जिल्लामा रहेको नगरपालिकाको सङ्ख्या

| प्रदेश | म.न.पा | उप म.न.पा. | न.पा | गा.पा. | स्थानीय तह | वडा सङ्ख्या |
|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ | १ | २ | ४६ | ८८ | १३७ | ११५७ |
| प्रदेश नं. ५ | - | ४ | ३२ | ७३ | १०९ | ९८३ |
| प्रदेश नं. ७ | - | १ | ३३ | ५४ | ८८ | ७३४ |
| जम्मा | १ | ७ | १११ | २१५ | ३३४ | २८७४ |

**सङ्केत**

- (हरियो) पहिलो चरणको निर्वाचन सम्पन्न भएका प्रदेशहरू
- (सुन्तला) दोस्रो चरणको चुनाव हुने प्रदेशहरू
- (खैरो) तेस्रो चरणको चुनाव हुने प्रदेश


निर्वाचन तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषण शाखा असार ११ मा विश्लेषण तथा नक्साङ्कन भएको

ERMTool ELECTORAL RISK MANAGEMENT TOOL

ECN/ESGIRA -१७-०१७

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
निर्वाचन तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषण शाखा

# स्थानीय तह निर्वाचन २०७४ को सम्बन्धमा
# दोस्रो चरणको निर्वाचन हुने जिल्लामा रहेका मतदाताको सङ्ख्यात्मक विवरण




| प्रदेश | मतदाता सङ्ख्या |
|---|---|
| प्रदेश नं. १ | २६७४५६३ |
| प्रदेश नं. ५ | २४५४४८८ |
| प्रदेश नं. ७ | १३०३७१४ |
| जम्मा | ६४३२७६५ |

## सङ्केत

\# जिल्लामा रहेका कुल मतदाता

## सङ्केत

- पहिलो चरणको निर्वाचन सम्पन्न भएका प्रदेशहरू
- दोस्रो चरणको चुनाव हुने प्रदेशहरू
- तेस्रो चरणको चुनाव हुने प्रदेश


निर्वाचन तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषण शाखा असार ११ मा विश्लेषण तथा नक्साङ्कन भएको

ERMTool ELECTORAL RISK MANAGEMENT TOOL

ECN/ESGIRA -१७-०१७

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
निर्वाचन तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषण शाखा

# स्थानीय तह निर्वाचन २०७४ को सम्बन्धमा दोस्रो चरणको निर्वाचन हुने जिल्लामा मतदान स्थल र केन्द्रको सङ्ख्यात्मक विवरण




| प्रदेश | मतदान स्थल | मतदान केन्द्र |
|---|---|---|
| प्रदेश नं. १ | १८६१ | ३४५९ |
| प्रदेश नं. ५ | १६१२ | ३१२५ |
| प्रदेश नं. ७ | ११०८ | १७८० |
| जम्मा | ४५८१ | ८३६४ |

**सङ्केत**

- # जिल्लामा मतदान स्थलको सङ्ख्या
- # जिल्लामा मतदान केन्द्रको सङ्ख्या

**सङ्केत**

- पहिलो चरणको निर्वाचन सम्पन्न भएका प्रदेशहरू
- दोस्रो चरणको चुनाव हुने प्रदेशहरू
- तेस्रो चरणको चुनाव हुने प्रदेश

निर्वाचन तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषण शाखा असार ११ मा विश्लेषण तथा नक्साङ्कन भएको

ERMTool
ELECTORAL RISK MANAGEMENT TOOL

ECN/ESGIRA -२७-०१७

(पृष्ठ १ को बाँकी)

**मतदानमा ...**

नेपाली नागरिकताको प्रमाणपत्र वा २०७० सालमा निर्वाचन आयोगबाट जारी गरिएको मतदाता परिचयपत्र वा राहदानी वा सवारीचालक अनुमतिपत्र वा जग्गाधनी प्रमाणपत्र वा सरकारी निकायबाट फोटोसहित जारी भएको अन्य परिचयपत्रसमेतका आधारमा मतदान गर्न पाउने निर्णय आयोगले गरेको जानकारी गराउँछु । साथै मतदाता नामावली तथा मतदाता परिचयपत्रमा सामान्य त्रुटि पाइएमा स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को दफा ४८ बमोजिम सानोतिनो भूलचुक मानी निजको नागरिकता प्रमाणपत्रको विवरणलाई मूल आधार लिई मतदान गर्न दिने व्यवस्था मिलाउनसमेत सम्बन्धित सबैलाई निर्देशन दिइएको छ ।

मतदाता महानुभावहरू, फोटोसहितको मतदाता नामावलीमा तपाईंको नाम समावेश छ भने मात्रै तपाईंहरूलाई मतदानको अधिकार प्राप्त हुन्छ । यहाँहरूको नाम जुन मतदान केन्द्रको मतदाता नामावलीमा छ, सोही मतदान केन्द्रबाट मात्रै मतदान गर्न पाउनु हुने भएकाले तोकिएको मतदान केन्द्रमा गई आफूले रोजेका सातजना उम्मेदवारको चिह्नमा गोप्य तबरले मतपत्रमा स्वस्तिक छाप लगाई मतदान गर्नु हुन आग्रह गर्दछु । कुनै पनि मतदाताले नाम ढाँटेर अर्काको नाममा मतदान नगर्नु हुन अपील गर्दै कसैले त्यस्तो गैर कानुनी कार्य गरेमा कानूनबमोजिम सजायको भागी हुनुपर्ने व्यहोरासमेत स्मरण गराउन चाहन्छु ।

अपाङ्गता भएका, गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिक, असक्त वा विरामी मतदातालाई मतदान गर्ने कार्यमा प्राथमिकता दिई उचित व्यवस्थापन मिलाउन र सहज ढङ्गले मतदानको प्रबन्ध गर्न सबै मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र मतदान अधिकृतलाई आयोग निर्देश गर्दछ । दृष्टिविहीन वा शारीरिक अशक्तता भएका मतदाताले आफैं मत सङ्केत गर्न नसकेमा एकाघरको परिवारका सदस्यले मतदान अधिकृतको स्वीकृति लिएर वा मतदान अधिकृतको सहयोगमा मतसङ्केत गर्न सक्नु हुने छ । यसरी मत सङ्केत गर्दा मतदाताको इच्छाविपरीत हुने छैन भन्ने आयोगले विश्वास लिएको छ ।

गोप्य मतदानको प्रक्रियाद्वारा एक पद एक मतको आधारमा बहुमतीय निर्वाचन प्रणालीमा यो निर्वाचन हुँदैछ । यसका लागि कुल ६२ हजार ४०८ उम्मेदवारहरू चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । यस निर्वाचनमा ४१ उम्मेदवार निर्विरोध निर्वाचित भइसकेका छन् । यस निर्वाचनमा ६४ लाख ३२ हजार ७६५ मतदाताले मतदानमा सहभागी भई १५ हजार ३८ प्रतिनिधिहरू निर्वाचित गर्ने छन् । यसका लागि देशभर ४ हजार ५८१ मतदान स्थलमा ८ हजार ३६४ मतदान केन्द्र निर्धारण गरिएको छ । मतदान कार्यमा सुरक्षाकर्मीबाहेक ६६ हजार ९०० कर्मचारी खटिएका छन् ।

स्थानीय तह दोस्रो चरणको निर्वाचनमा १ महानगरपालिका, ७ उपमहानगरपालिका, १११ नगरपालिका र २१५ गाउँपालिकामा निर्वाचन हुँदैछ । निर्वाचनमा ४८ संस्थाका ६ हजार ७३३ जना पर्यवेक्षकले निर्वाचन पर्यवेक्षण गर्ने छन् भने आयोगले ३५ वटै जिल्लामा अनुगमनकर्ता र सूक्ष्म अनुगमनकर्ता खटाएको छ । दोस्रो चरणको निर्वाचनमा आयोगले नेपालस्थित कूटनीतिक नियोगका सदस्यहरूलाई तीनवटा प्रदेशका ६ वटा शहर धनकुटा, विराटनगर, भैरहवा, पाल्पा, धनगढी र डडेल्धुरामा अवलोकन भ्रमणको समेत व्यवस्था मिलाएको छ ।

सुरक्षा निकायले शान्ति सुरक्षाको अवस्थालाई भरपर्दो बनाएको हुँदा कोही कसैबाट जनताको मताधिकारलाई कुण्ठित गराउने प्रयास भएमा सुरक्षाकर्मीले त्यस्ता प्रयासलाई विफल पार्ने कुरामा आयोग विश्वस्त छ । तपाईंको अमूल्य मत कसैको लोभ, डर, त्रास र धम्कीमा नपरी स्वतन्त्ररूपमा विवेकपूर्ण निर्णय गरेर गोप्यरूपले प्रदान गर्नु हुने कुरामा आयोग विश्वस्त रहेको छ ।

मौन अवधिको महत्व र निर्वाचनको संवेदनशीलतालाई मनन गर्दै मौन अवधिमा निर्वाचन प्रसार-प्रसारका सबै कार्य निषेध गरिएको जानकारी सबै दल र उम्मेदवारले पाइसक्नु भएकै छ । त्यसैले आचारसंहिताको पूर्ण पालना गरी मतदातालाई मताधिकारको सुनिश्चित हुने सहज वातावरण निर्माणका लागि आयोग सबैसँग हार्दिक अनुरोध गर्दछ । मौन अवधि शुरू भएपछि मतदानको काम सम्पन्न नभएसम्म कुनै पनि उम्मेदवारहरूको पक्ष वा विपक्षमा मत लिने वा दिने उद्देश्यले कुनै किसिमको प्रचार गर्न पाइने छैन । साथै मौन अवधिमा आफ्ना वेभसाइट तथा फेसबुक एवं ट्वीटरलगायतका सामाजिक सञ्जाल वा अन्य माध्यमहरूबाट समेत निर्वाचनको प्रचार-प्रसार नगर्न र मौन अवधिको पूर्ण पालना गर्न सरोकारवाला सबै पक्षसँग आयोग आग्रह गर्दछ ।

निर्वाचन कार्यक्षेत्रमा खटिनुभएका मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत, अन्य कर्मचारी र सुरक्षा निकायले विगतमा झैं आ-आफ्नो जिम्मेवारी पूरा गर्न कठिन परिश्रमका साथ अहोरात्र खटिरहनुभएको छ । तपाईंहरूको मेहनतले आयोगको मर्यादालाई उच्च बनाउन र शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराउन सहयोग पुग्ने छ । साथै लोकतन्त्रको जगलाई गाउँ, सहर र बस्तीबाटै सुदृढ बनाउने कार्यमा तपाईंहरूले आफ्नो बुद्धि, विवेक र संयमताको भरपूर प्रयोग गर्नु हुने छ भन्ने कुरामा आयोग विश्वस्त रहेको छ ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष, विश्वसनीय र भयरहित वातावरणमा सम्पन्न गराउन सम्पूर्ण राजनीतिक दल, उम्मेदवार, कर्मचारी, सुरक्षाकर्मी, नागरिक समाज र आमसञ्चार माध्यमलगायत सबै क्षेत्रबाट रचनात्मक सहयोग हुने छ भन्ने कुरामा आयोग ढुक्क रहेको छ । दोस्रो चरणको निर्वाचनमा दलहरूबीचको समन्वय र सौहार्द्धता प्रसंशनीय देखिएको छ, यो सौहार्द्धता मतदान, मतगणना र विजय र्‍यालीसम्म पनि कायमै रहने छ भन्ने आयोगले आशा एवं विश्वास लिएको छ । नेपाल सरकार, मित्रराष्ट्रहरू, दातृ निकाय तथा विकास साझेदार संस्था तथा अन्तर्राष्ट्रिय समुदायको निरन्तर सहयोग र सद्भावप्रति आयोग हृदयदेखि नै धन्यवाद ज्ञापन गर्न चाहन्छ ।

अन्त्यमा, निर्वाचनको वातावरण निर्माण गर्न आमसञ्चार जगत्ले खेलेको महत्वपूर्ण भूमिकाको आयोग मुक्तकण्ठले प्रशंसा गर्न चाहन्छ । हामीलाई थाहा छ, सञ्चारकर्मी मित्रहरू छिटोभन्दा छिटो र सनसनीपूर्ण समाचार दिन चाहनुहुन्छ तर निर्वाचनको संवेदनशीलतालाई मनन गरेर निर्वाचन आयोग, सुरक्षा निकाय, मतदान कार्यमा खटिएका कर्मचारीबाट पुष्टि भएका सूचना मात्रै सम्प्रेषण गर्न सञ्चारकर्मी मित्रहरूसँग आयोग अनुरोध गर्दछ । साथै मतदाताहरू सुसूचित तथा प्रोत्साहित हुने, सूचना र सन्देशहरू प्रकाशन एवं प्रशारण गरेर विगतमा झैं निरन्तर सहयोग गर्न पनि सबै पत्रकार मित्रहरूसँग आयोग अपील आग्रह गर्दछ । धन्यवाद

*(२०७४ असार १४ गते – २८ जुन २०१७) सम्पन्न हुने दोस्रो चरणको 'स्थानीय तह निर्वाचन' को तयारीका विषयमा माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले २०७४ असार १३ गते मङ्गलबार मिडिया सेन्टरमा आयोजित विशेष समारोहमा दिनुभएको वक्तव्य)*



संयुक्त निर्वाचन सञ्चालन केन्द्रमा कार्यरत कर्मचारीहरु

## आयोगको निमित्त सचिवमा न्यौपाने

सरकारले निर्वाचन आयोगको निमित्त सचिवमा महेश्वर न्यौपानेलाई नियुक्त गरेको छ । मन्त्रिपरिषद्को असार ८ गतेको बैठकले सामान्य प्रशासन मन्त्रालयमा सहसचिवको रूपमा कार्यरत न्यौपानेलाई निमित्त सचिवमा नियुक्त गरेको हो । यसअघि २०७० को अर्को संविधानसभा निर्वाचनमा आयोगमा सहसचिवको रूपमा प्रशासन महाशाखाको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नुभएका निमित्त सचिव न्यौपाने नेपाल सरकारका वरिष्ठतम् सहसचिव हुनुहुन्छ । निमित्त सचिव न्यौपानेले असार ११ गतेदेखि आफ्नो जिम्मेवारी सम्हाल्नुभएको छ ।




### सम्पादक मण्डल

संरक्षक : महेश्वर न्यौपाने, निमित्त सचिव

संयोजक : दीपक सुवेदी, सहसचिव

सहसंयोजक : लक्ष्मीप्रसाद यादव–सहसचिव, सूर्यप्रसाद शर्मा–सहसचिव एवं प्रवक्ता, नवराज ढकाल–सहसचिव

सम्पादक सदस्यहरू : गोविन्द चिमौरिया, नारद गौतम, नारायण न्यौपाने, अच्युत अर्याल, अमरेन्द्र यादव

सदस्य–सचिव : प्रदीप भट्टराई–पुस्तकालय अधिकृत, मुद्रण व्यवस्थापन : बाबुराम कोइराला–मुद्रण अधिकृत

तस्बिर : पुनदेव रौनियार, कम्प्युटर लेआउट : कुमार लुइटेल


फोन : ०१–४२२८६६३, फ्याक्स : ०१–४२२६७००, इमेल : info@election.gov.np, वेबसाइट : www.election.gov.np